पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, सुनसरी

कोशी प्रदेश, ईनरुवा,नेपाल

## गोलिया काठ तथा दाउरा सिलबन्दी बोलपत्र माध्यमद्वारा लिलाम विक्रीको सूचना !

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।८।१९**

यस कार्यालय अन्तर्गत विष्णुपादुका सब डिभिजन वन कार्यालय अन्तर्गत रा.वनमा रहेका ढलापडाबाट संकलन भएका काठ ,वि.पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यालय कम्पाउण्ड भित्र विभिन्न समयमा ढलेका रुखहरुबाट संकलन भएको काठ तथा काकडभिट्टा लौकही सडक आयोजना अन्तर्गत सुनसरी जिल्लाका बुढीखोला देखि भाटभटेनी लक्ष्मीपुर सम्मको सडक दाँया बाँया भित्र पर्ने रुखहरु कटान भई संकलन भएको काठ दाउरा पाँचकन्या सब डिभिजन वन कार्यालय,धरान तथा तरहरा समेतको घाटगद्दीमा रहेका काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्न भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएका इच्छुक उद्योगहरुले तपसिल बमोजिमको मिति र समय भित्र डिभिजन वन कार्यालय सुनसरी वा वन निर्देशनालय, धरान वा वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाण्डौबाट बोलपत्र खरिद गरी अलग अलग लटको अलग अलग बोलपत्र भरी अलग अलग सिलबन्दी गरी तपसिल बमोजिमको मिति र समय भित्र लट अनुसारको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र डिभिजन वन कार्यालय, सुनसरी वा वन निर्देशनालय, धरान वा वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाण्डौमा दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१. बोलपत्र खरिद र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय
    क. बोलपत्र खरिद गर्ने अन्तिम दिन : २०८१ साल पुष महिना ९ गते कार्यालय समय भित्र ।
    ख. बोलपत्र दाखिला गर्ने अन्तिम दिन :२०८१ साल पुष महिना ११ गते दिनको ०२:०० बजे सम्म ।

- बोलपत्र फाराम दाखिला गर्ने दिन कार्यालय बिदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र बोलपत्र दाखिला गर्नु पर्ने छ ।

२. बोलपत्र फाराम प्रति लटको लागी रु.१,०००।०० (पछि फिर्ता नहुने गरी) तिरी डिभिजन वन कार्यालय सुनसरी वा वन निर्देशनालय, धरान वा वन तथा भू संरक्षण विभाग,काठमाण्डौबाट खरिद गर्न सकिने छ ।

३. खरिद गरिएका बोलपत्र फाराम डिभिजन वन कार्यालय सुनसरी वा वन निर्देशनालय, धरान वा वन तथा भू-संरक्षण विभाग, काठमाण्डौमा दाखिला गर्न सकिने छ ।

४. उक्त बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने बोलपत्र जमानत रकम रा.बा.बैंक इनरुवामा रहेको प्रदेश लेखा इकाई कार्यालय, सुनसरीको धरौटी खाता नं. २२२०१००२०२०३०००० डि.व.कार्यालय, सुनसरीको कोड नं ३२१०११८०११ मा नगद जम्मा गरेको दाखिला प्रति सक्कल भौचर समावेश हुनुपर्ने छ । भरपाई धरौटी भौचर बाहेकका अन्य भौचर प्रयोग नगर्न हुन अनुरोध छ ।

५. धरौटीको रुपमा बैंक जमानत पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिनासम्मको लागी मान्य हुनु पर्ने छ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयमा घाटगद्दी रहेको कार्यालय परिसरमा गई हेर्न सकिने छ ।

७. लिलाममा भाग लिन वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएका इच्छुक उद्योगहरुले उद्योग दर्ताका प्रमाणपत्रको प्रतिलिपी, मू.अ.कर दर्ता वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा डिभिजन वन कार्यालयले जारी गरेको काठ, दाउरामा आधारित उद्योग सूचिकृत प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।

८. निर्धारण गरिएको न्यूनतम संख्या र रितपूर्वक दाखिला भएका बोलपत्रहरु वन निर्देशनालय, धरान र वन तथा भू-संरक्षण विभाग, काठमाण्डौ समेतबाट संकलन गरि खोल्नु पर्ने भएको हुँदा बोलपत्र खोल्ने मिति र समय निर्धारण गरी बोलपत्र दाखिला गर्ने दिन दिउँसोको २.०० पछि डि.व.का.सुनसरीमा सूचना प्रकाशन गरिने छ । निर्धारित मिति र समयमा बोलपत्र दाताको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

९. उद्योगले बोलपत्र स्वीकृत भएको जानकारी पाएका ४५ दिनभित्र सकार गरेको रकम, संकलन खर्च बापतको रकम (बोलपत्रमा उल्लेख भए बमोजिम) अन्य सेवा शुल्क तथा बिक्रि बापतको रकम र नियमानुसार लाग्ने मू.अ.कर (सकार रकम र संकलन खर्च समेतको) बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अवधी भित्र उठाइ लैजानु पर्ने छ ।

१०. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ । अंक र अक्षर लेखाइमा केरमेट भएमा काटको ठाउँमा दस्तखत गरी प्रष्ट रुपमा रकम लेख्नु पर्नेछ ।

११. प्रत्येक लटको लागी आवश्यक कागजात सहित छुट्टाछुट्टै बोलपत्र फाराम भरि अलग अलग खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

१२. एक भन्दा बढि लटका लागी एउटै धरौटी भौचर वा बैंक ग्यारेन्टी पेश गरिएमा सोको फोटोकपी गरी अन्य लटहरुमा समेत प्रतिलिपी समावेश गरि प्रतिलिपीमा सक्कल प्रति रहेको लट नं. उल्लेख गर्नु पर्नेछ ।

१३. लिलाम हुने वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्नेछ ।

१४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्यहरुको हकमा प्रचलित ऐन, नियम कानून बमोजिम हुनेछ ।

१५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । **सम्पर्क मो.नं.९८५२०४९५२१/९८५२०८५०३२**

१६. **बोलपत्र मान्य नहुने अवस्थाहरु :**

- सिलबन्दी नभएका बोलपत्र फारमहरु ।
- यसै सूचनामा उल्लेखित आवश्यक कागजात संलग्न नभएका बोलपत्र ।
- सकार रकमको १० % ले हुने धरौटीको सक्कल भौचर वा सक्कल बैंक ग्यारेन्टी समावेश नभएका बोलपत्र ।
- कार्यालयबाट प्रमाणित नभएका बोलपत्रहरु ।
- म्याद नाघी पेश भएका बोलपत्र ।
- बोलपत्र खरिद गर्ने फर्म आफैंले भरि सहिछाप गरी पेश नगरेका बोलपत्र ।
- रित नपुगेको र १ भन्दा बढी लटको लागी एउटै बोलपत्र भरिएको बोलपत्र मान्य हुने छैन ।
- वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत नभएका जो सुकैको बोलपत्र मान्य हुने छैन ।
- वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ को दफा ४२ अनुसारको अवस्थामा बोलपत्र मान्य छैन ।

१७ हि.व.का. मुख्यमन्त्रीबाट मिति २०८१।०८।२६ प्रकाशित सूचना अनुसार लिलाम बिक्रि हुने वन पैदावार

| सि.न | लट न. | प्लट न. | जात | ग्रेड | परिमाण |  | राजस्व | न्यूनतम मूल्याकन | कटान गर्ने निकाय | [illegible] | [illegible] | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  | गोला | क्यू.फिट | दर रेट |  |  |  |  |  |
| १ | १०.०८१.०८२ | १,५ | साल | A | २६ | ४०६.७६ | १२५० | ५०८४५१ | वन निगम | विष्णुपादुका सा.वन हलापडा | पाचकन्या सव हि.व.का प्रधान परिसर |  |
|  |  |  | साल | B | ४९ | ४३९.५३ | ९०० | ३९५५७७ |  |  |  |  |
|  |  |  | साल | C | १ | ६.४६ | ६०० | ३८७६ |  |  |  |  |
| जम्मा |  |  |  |  | ७६ | ८५२.७५ |  | ९०७९०४।०० |  |  |  |  |
| २ | ११.०८१.०८२ | २,४ | साल | A | २५ | ३५१.८४ | १२५० | ४३९८०१ | " | " | " |  |
|  |  |  | साल | B | ६० | ५५४.८९ | ९०० | ४९९४०१ |  |  |  |  |
|  |  |  | साल | C | १ | ७.१६ | ६०० | ४२९६ |  |  |  |  |
| जम्मा |  |  |  |  | ८६ | ९१३.८९ |  | ९४३४९८।०० |  |  |  |  |
| ३ | १२.०८१.०८२ | ३,७ | साल | A | २९ | ४८०.४२ | १२५० | ६००५२५ | " | " |  |  |
|  |  |  | साल | B | २७ | २१७.४४ | ९०० | १९५६९६ |  |  |  |  |
|  |  |  | साल | C | ३ | २४.७२ | ६०० | १४८३२ |  |  |  |  |
| जम्मा |  |  |  |  | ५९ | ७२२.५८ |  | ८११०५३।०० |  |  |  |  |
| ४ | १३.०८१.०८२ | ६,९ | साल | A | २१ | २८९.५२ | १२५० | ३६१९०० | " | " | " |  |
|  |  |  | साल | B | ५२ | ४९५.३६ | ९०० | ४४५८२४ |  |  |  |  |
|  |  |  | साल | C | १ | २८.२२ | ६०० | १६९३२ |  |  |  |  |
| जम्मा |  |  |  |  | ७४ | ८१३.१० |  | ८२४६५६।०० |  |  |  |  |
| ५ | १४.०८१.०८२ | ८,१२ | साल | A | ३० | ४६१.६४ | १२५० | ५७७०५० | " | " | " |  |
|  |  |  | साल | B | ३७ | ३१८.५२ | ९०० | २८६६६८ |  |  |  |  |
|  |  |  | साल | C | १ | ५.०८ | ६०० | ३०४८ |  |  |  |  |
| जम्मा |  |  |  |  | ६८ | ७८५.२४ |  | ८६६७६६।०० |  |  |  |  |
| ६ | १५.०८१.०८२ | ११ | साल | A | २४ | ४४२.३८ | १२५० | ५५२९७५ | " | " | " |  |
|  |  |  | साल | B | २५ | २१६.५६ | ९०० | १९४९०४ |  |  |  |  |
|  |  |  | साल | C | ३ | २८.९८ | ६०० | १७३८८ |  |  |  |  |
| जम्मा |  |  |  |  | ५२ | ६८७.९२ |  | ७६५२६७।०० |  |  |  |  |
| ७ | १६.०८१.०८२ | १०,१३, १४,२० | साल | A | १२ | १९२.१५ | १२५० | २४०१८८ | " | " | " |  |
|  |  |  | साल | B | ३४ | ३७१.२७ | ९०० | ३३४१४३ |  |  |  |  |
|  |  |  | साल | C | १ | ८.५७ | ६०० | ५१४२ |  |  |  |  |
|  |  |  | असना | A | ५ | ६७.९९ | ४०० | २७१९६ |  |  |  |  |
|  |  |  | असना | B | ७ | ५४.०१ | ३०० | १६२०३ |  |  |  |  |
|  |  |  | असना | C | ३ | १५.८६ | १०० | १५८६ | " | " | " |  |
|  |  |  | कुसुम |  | ५ | ३३.९९ | १०० | ३३९९ |  |  |  |  |
|  |  |  | बो.ध. |  | ५८ | ४६९.०३ | १०० | ४६९०३ |  |  |  |  |